गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गलकोट, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

प.स.:- ०७७/७८
च.नं.:- ०६

मितिः २०७७।०४।२३

विषयः अत्यन्त जरुरी सुचना ।

श्री सम्पुर्ण सामुदायिक विद्यालयहरु,

गलकोट नगरपालिका बाग्लुङ ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश पोखराबाट मिति २०७७।०४।२० गते प्रकाशित सुचना वमोजिम यस वर्षको मनसुनी वर्षा र हावा हुरीका कारण भवन, कम्पाउण्ड वाल खेलमैदान, कक्षाकोठा लगायतको क्षति तत्काल संरक्षण गर्न पर्ने अवस्था भएमा तपसिल वमोजिमका कागजातहरु सहितको फाइल सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश, पोखरामा अविलम्व पेश गर्नुहुन जानाकारीका लागि अनुरोध छ ।

<u>तपसिल</u>

<u>संलग्न गर्नुपर्ने कागजातहरु :</u>

१. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी सहित विद्यालयको कार्यक्रम तथा वजेट माग गरेको पत्र,

२. क्षतिको विवरण खुलेको प्रहरी मुचुल्का,

३. लागत अनुमान (प्रविधिकको इस्टिमेट ),

४. स्थानीय तहमा रहको विपद् व्यवस्थापन समितिवाट भएको निर्णयको प्रमाणित प्रतिलिपी र स्थानीय तहको सिफारीस पत्र र

५. क्षतिको विवरण झल्कने फोटाहरु ।

२०७७/०४/२३

रुद्र नारायण सापकोटा
उप सचिव (दशौं तह)
नगर शिक्षा अधिकारी

<u>वोधार्थ</u>

श्री सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखरा
श्री नगर प्रमुखज्यु, गलकोट नगरपालिका, बाग्लुङ
श्री नगर उपप्रमुखज्यु, गलकोट नगरपालिका, बाग्लुङ
श्री संयोजक, सामाजिक विकास शाखा गलकोट नगरपालिका, बाग्लुङ

नोटः थप जानाकारीका लागि सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको website www.mosd gandaki.gov.np मा हेर्न सकिनेछ ।

# प्रस्ताव सहितको फाइल पेश गर्ने सम्बन्धी सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशको अत्यन्त जरुरी सूचना

<u>सूचना प्रकाशित मिति : २०७७/०४/२०</u>

यस वर्षको मनसुनी वर्षा र हावा हुरीका कारण सामुदायिक विद्यालयहरूको भवन, कम्पाउण्ड वाल, खेलमैदान, कक्षाकोठा लगायतको क्षति (नयाँ भवन निर्माण र विद्यालय स्थानान्तरण गर्ने कार्य बाहेक) को तत्काल संरक्षण र सुधार गर्न नसकेको खण्डमा थप क्षति हुन सक्ने अवस्था समेत रहेका विद्यालयहरूले क्षतिको न्यूनीकरण गरी पुनर्स्थापना, मर्मत सम्भार एवम् अस्थायी कक्षाकोठा निर्माण गरी पठनपाठन सुचारु गर्न तपसिलमा उल्लिखित कागजातहरु सहित यस मन्त्रालयमा फाइल पेश गर्नुहुन सम्बन्धित सामुदायिक विद्यालयहरूलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी सहित विद्यालयको कार्यक्रम तथा बजेट माग गरेको पत्र,
२. क्षतिको विवरण खुलेको प्रहरी मुचुल्का,
३. लागत अनुमान (प्राविधिकको इस्टिमेट),
४. जिल्ला वा स्थानीय तहमा रहेको विपद् व्यवस्थापन समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपी र स्थानीय तहको सिफारिस पत्र र
५. क्षतिको विवरण झल्कने फोटाहरु ।

<u>नोट :</u> तयार भएको सक्कल फाइल तोकिएको मितिमा पेश गर्न असमर्थ भएमा उक्त कागजातहरूको विद्युतिय प्रमाणित प्रति mosdgedu@gmail.com, damodarsubedi2026@gmail.com मा इमेल गर्न सकिनेछ ।

उप सचिव

श्री शिक्षा शाखा,
११ वटै वडा र विद्यालयहरूलाई
पत्राचार गर्ने व्यवस्था गर्नुहुन।
२०७७/०४/२२